प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर,सुर्खेत

## डिप्लोमा/प्रमाण पत्रतहको पूर्ण शुल्कीय तर्फको सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमहरूको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशित मिति २०८१।०४।२९)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय,सानोठिमी, भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फ सामान्य चिकित्सा र फार्मेसी कार्यक्रमहरूको मिति २०८१।०४।१९ गते बिहान ८:०० बजे तोकिएको परीक्षा केन्द्रहरूमा संचालन भएको प्रवेश परीक्षामा सम्मिलित भई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८१(दोस्रो संशोधन) अनुरूप लिखित परीक्षाको प्राप्तांक र एस.एल.सी / एस.ई.ई.को शैक्षिक प्रमाणपत्रहरू वापत तोकिएको अंकको योगफल गरी स्वीकृत कार्यक्रमहरूको वर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८१।०४।२९ गतेको निर्णयानुसार मुख्य उम्मेदवार, उत्तीर्ण सूची र रद्ध गरिएकाहरूको सूची प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।मुख्य उम्मेदवारको रूपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरू मिति २०८१।०५।०६ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्रहरू,फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानुहुन जानकारी गराइन्छ ।सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरूले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरू शिक्षालयका प्राचार्यले रूजु गरेर मात्र भर्ना गराउनु हुन अनुरोध छ।भर्ना निर्देशिका विपरीत भर्ना गराई रजिष्ट्रेशन कायम हुन नसकेमा स्वय शिक्षालय प्राचार्य जिम्मेवार हुनेछ।साथै SEE को परीक्षामा NG भई पुरक(ग्रेड वृद्धि) परीक्षा दिएका विद्यार्थीहरू मुख्य उम्मेदवार भएमा पुरक परीक्षाबाट ग्रेड वृद्धि नभएमा स्वतः रद्ध हुने कवुलियतनामा गराई भर्ना गराउनु हुन समेत सूचित गरिन्छ।नतिजा सम्बन्धी विस्तृत विवरण परिषद्, परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट www.ctevtexam.org.np र परिषद्, कर्णाली प्रदेश कार्यालयको वेवसाइट www.ctevtkarnali.org.np हेर्न सकिने छ।

निर्देशक